NDRI

CANCER RESEARCH UK

## नीति समिक्षा

# नेपालमा सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन ऐन कार्यान्वयन:

**माघ २०७७**





**इनिशा श्रेष्ठ** – अनुसन्धानकर्ता, नेपाल विकास अनुसन्धान प्रतिष्ठान

**संगीता शाक्य** – अनुसन्धानकर्ता, नेपाल विकास अनुसन्धान प्रतिष्ठान

**बेकी ह्याच** – सिनियर नीति सल्लाहकार, किभु इन्टरनेसनल

**देवी प्रसाद शर्मा** – आर्थिक परामर्शदाता

**जय कुमार गुरूङ्ग** – कार्यकरी निर्देशक, नेपाल विकास अनुसन्धान प्रतिष्ठान


## एनसेप्ट सर्भेक्षणमा आधारित नतिजा र नीतिगत सुझावहरू

## कार्यकारी सारांश

नेपालले, सन् २००६ मा विश्व स्वास्थ्य सङ्गठनको सुर्तीजन्य पदार्थको नियन्त्रण सम्बन्धि सन्धिको अनुमोदन गरे लगतै, सुर्तीजन्य पदार्थको नियन्त्रणका एकिकृत रणनीतिहरु बमोजिमका सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनका नीतिहरूको तर्जुमा र कार्यान्वयन पनि गरेको छ । जस्तै, सुर्तीजन्य पदार्थको प्याकेट तथा बाहिरी खोलमा कम्तीमा ७५ प्रतिशत भागमा त्यस्ता पदार्थको प्रयोगले गर्दा स्वस्थ्यमा हुने असरहरु सम्बन्धी सचेतनामुलक सन्देशहरु राख्ने, सुर्तीजन्य पदार्थको विज्ञापन तथा प्रायोजनमा प्रतिबन्ध लगाउने आदि छन् । तथापि, सन् २०१५ मा नेपालमा संघीयता लागुभएपछि सुर्तीजन्य पदार्थको नियन्त्रण सम्बन्धी विषय कम प्राथमिकतामा वा छायामा परेको छ । जसका कारण, सुर्तीजन्य पदार्थको प्रयोग दर जस्ताको तस्तै रह्यो विगतको दशकमा खासै घटेन । त्यसैलेगर्दा, नेपालले सन् २०२० सम्ममा १५ वर्षभन्दा माथिका व्यक्तिहरूमा सुर्तीजन्य पदार्थको प्रयोग दरमा ३० प्रतिशतले घटाउने भन्ने लक्ष्य पुरा नहुने देखिएको छ । साथै, दिगो विकास लक्ष्य सन् २०३० का अनुसार नसर्ने रोगहरूबाट हुने असामयिक मृत्यु एकतिहाईले घटाउने भन्ने लक्ष्य पुरा गर्नमा पनि अनिश्चितता देखिएको छ ।

सुर्तीजन्य पदार्थको प्रयोगदर बढी हुनुको प्रमुख कारणमा स्थानीय स्तरमा सुर्तीजन्य पदार्थका नीतिहरु र तिनको प्रभावकारी कार्यान्वयनमा अन्तर रहनु देखिएको छ । नेपाल विकास अनुसन्धान प्रतिष्ठान (नेविअप्र)ले सन् २०१९-२० मा गरेको राष्ट्रव्यापी सर्वेक्षणबाट सुर्तीजन्य पदार्थका नियन्त्रणका नीतिहरूको कार्यान्वयनको विद्यमान अवस्थाको बारेमा छर्लङ्ग भएको छ । सार्वजनिक स्थलमा धुँवा सहित वा धुँवा रहित सुर्तीजन्य पदार्थको प्रयोगमा लगाइएको प्रतिबन्धको कार्यान्वयन र जनताबाट यसको परिपालना न्युन रूपमा भएको पाइयो । त्यसै गरी सुर्तीजन्य पदार्थको खरीद तथा बिक्रीमा उमेर, शारीरिक अवस्था, दुरी, स्थान विशेष आदिको आधारमा गरिएको प्रतिबन्धलाई पनि बेवास्ता गरि जो कोहिले जहापनि कुनै व्यवधान विना खरिद तथा विक्री गरिएको पाईयो । सुर्तीजन्य पदार्थको सहज उपलब्धता, सबैको पहूँचमा र किफायती हुनुको कारण नै मुख्य समस्याको रूपमा देखियो । सुर्तीजन्य पदार्थको नियन्त्रण, नियमन र अनुगमनको लागि कानुनी प्राबधान भए तापनि यसको कार्यान्वयन भए नभएको भनेर कुनै समिति वा टोलीबाट अनुगमन गरेको पाइएन । साथै, सुर्तीजन्य पदार्थका प्रयोगकर्तालाई प्रयोग त्याग्न मद्दत पुऱ्याउने, त्यस्ता पदार्थको सेवामा अवरोध हुने किसिमबाट थोरै हस्तक्षेपसम्म गरेको पाइयो ।

यस नीतिगत सारांशले नेपालमा सुर्तीजन्य पदार्थ नियन्त्रण सम्बन्धी नीतिको कार्यान्वयन र नियमनको संक्षिप्त अवस्था प्रस्तुत गर्दछ र सर्वेक्षणको क्रममा पत्ता लागेका समस्याहरूलाई समाधान गर्नको निमित्त नेपाल सरकारका सम्बन्धित निकायहरूलाई सम्भावित र व्यवहारिक सुझावहरु प्रतिवेदन मार्फत दिएका छौं । यस नीति सारांश पबमा हामीहरूले सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐनलाई तत्काल प्रभावकारी रूपमा कार्यान्वयन र परिपालना गर्नु गराउनुका साथै तत्कालै र निरन्तर रूपमा सुर्तीजन्य पदार्थमा करको दरलाई बढाउन, नागरिक समाज लगायत विभिन्न क्षेत्रहरूको सक्रिय सहभागिताकोलागि सिफारिस समेटेका छौं । अन्त्यमा, सुर्तीजन्य पदार्थको विक्री वितरणकोलागि अनुज्ञापत्र (लाइसेन्स) को व्यवस्थाकोसाथै छुट्टै बिक्री केन्द्र बनाउनु पर्ने अनिवार्यता र सुर्तीजन्य पदार्थको प्रयोग छाड्न प्रोत्साहन हुने मोबाइल एप निर्माण गर्ने जस्ता मध्यम तथा दीर्घकालिन सुझावहरु सिफारिस गरेका छौं ।

सिफारिस गरिएका सुझावहरूले भविष्यमा सुर्तीजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्न मद्दत पुऱ्याउँने छन् । सिफारिस गरिएको कार्यहरूको आधारमा लक्षित परिणाम प्राप्त गर्नको लागि हामी नेपाल सरकारलाई केही कार्यहरु तुरुन्त कार्यान्वयन गर्न र केही लामो समयावधिका योजनाहरु बनाउन अनुरोध गर्दछौ जसले अन्ततः सुर्तीजन्य पदार्थको प्रयोगलाई कडाइका साथ नियन्त्रण गर्दछ ।

## विषय प्रवेश/परिचय

नेपालमा सुर्तीजन्य पदार्थको सेवनले हरेक वर्ष हजारौले ज्यान गुमाइरहेका छन् भने यसका कारण हुने रोग र बिरामीहरु बढ्दो क्रममा रहेका छन् । उदाहरणका लागि सुर्तीजन्य पदार्थको सेवनबाट हुने क्यान्सरमा १५० प्रतिशतले बृद्धि भएको छ भने सोही क्यान्सरका कारण हुने मृत्यु सन् २०१४ को तुलनामा सन् २०१८ मा ३५ प्रतिशतले बढेको छ ।[१ २] यसको सेवनबाट स्वास्थ्यमा मात्र असर पार्ने होइन कि आर्थिक रूपमा पनि निकै असर पार्दछ । टोबाको एटलासको प्रतिवेदन २०१८ लाई आधार मानेर प्रतिवेदनमा दिईएको सुर्तीजन्य पदार्थको कारण हुने वार्षिक आर्थिक क्षति लाइ मुद्रास्फिति दर संग समायोजन गर्ने हो भने सन् २०२० मा कुल गार्हस्थ उत्पादनको १.०४ प्रतिशत वा रू ३९.२५[३] को आर्थिक क्षति हुन आउछ [४]।

नेपालले सन् २००३ मा विश्व स्वास्थ्य सङ्गठनको सुर्तीजन्य पदार्थको नियन्त्रण सम्बन्धी सन्धिमा हस्ताक्षर गऱ्यो र सन् २००६ मा उक्त सन्धिलाई अनुमोदन गऱ्यो । त्यस लगतै सुर्तीजन्य पदार्थको प्रभावबाट जोगाउन र यसको उपभोगलाई नियन्त्रण गर्न अन्तर्राष्ट्रिय मापदण्ड र प्रोटोकलहरूको अबलम्बन भयो । यसका साथै, सन् २००८ सालमा एमपावर[५] नीतिको र सन् २०११ सालमा सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन ऐन पनि कार्यान्वयनमा आयो । यसै ऐनको आधारमा नेपालले, सुर्तिजन्य पदार्थको उत्पादन, नियन्त्रण, विक्री बितरण, निरिक्षण, आयात र सेवन कम गराउन सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) रणनीतिक योजना सन् २०१३-२०१६ को मस्यौदा बनायो ।[६] त्यसमा थप,

**पहिलो बाकसः नेपालमा सुर्तीजन्य पदार्थको नियन्त्रणका लागि बनेका नीति, ऐन, योजना तथा कार्यहरू**

१. सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन, २०६८

२. सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) नियमावली, २०६९

३. सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) निर्देशिका २०७१

४. सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) रणनीतिक योजना २०७०-२०७३

५. नसर्ने रोगको नियन्त्रण तथा निवारणका लागि बहु क्षेत्रिय कार्य योजना (२०७१-२०७७)

६. सुर्तीजन्य पदार्थको बिक्री बितरणका लागि स्वास्थ्य मन्त्रालयको सार्वजनिक सूचना २०७४

नसर्ने रोगहरूको निवारण तथा नियन्त्रणकालागि बहुक्षेत्रीय कार्य योजना (सन् २०१४-२०२०) ले सरकारका विभिन्न निकायहरूबाट सुर्तीजन्य पदार्थको प्रयोगको नियन्त्रणका लागि गर्नुपर्ने विभिन्न कार्यहरूको निर्देशन र संकेत समेत गरेको छ [७] ।

नेपालले विश्व स्वास्थ सङ्गठनले सुझाएको सुर्तीजन्य पदार्थको नियन्त्रण गर्नकालागि नीतिहरूको प्याकेज "एम पावर" का नीतिहरूको पनि अनुसरण गरेको छ । सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमनकालागि केन्द्रीय सम्पर्क विन्दूको रूपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत रहेको नेपाल राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र (एनएचईआईसीसी) ले कार्य गर्दछ ।[८]


नेपाल सरकार, मन्त्री परिषद्ले सन् १९९२ र २०१० मा सुर्तीजन्य पदार्थ मुक्त बनाउने पहल सम्बन्धी कार्यकारी आदेशलाई अनुमोदन गरेर प्रशंसनीय कार्य गरेका छ ।[९] एनएचईआईसीसीले सुर्तीजन्य पदार्थ सम्बन्धी विविध मुद्दाहरूमा सक्रियता बढाउदै सचेतनामुलक कार्यक्रमहरूको वकालत सामुदायिक स्तरसम्म गरिरहेको छ ।[१०]

यसका अतिरिक्त नेपालले बहुक्षेत्रिय योजना सन् २०१४-२०२० अनुसार सन् २०२० सम्ममा १५ वर्षभन्दा बढी उमेरका व्यक्तिमा सुर्तीजन्य पदार्थको प्रयोगको व्यापकता दरमा ३० प्रतिशत ले घटाउने लक्ष्य राखेको छ ।

सुर्तीजन्य पदार्थको सेवनको मात्रा घटाउनका निमित्त गरिएका उल्लेखित प्रयासका बावजुत, नेपालमा बिगतको दशकमा सुर्तीजन्य पदार्थको व्यापकता दर निरन्तर उच्च नै रहेको छ । नेपालमा सन् २०१२/१३[११] मा व्यापकता दर ३०.८ प्रतिशत थियो, भने विश्व स्वास्थ सङ्गठनको STEP सर्वेक्षणका अनुसार २०१९[१२] मा व्यापकता दर २८.९ प्रतिशत रहेको छ । सन् २०१२/१३ साल देखि २०१९ सम्म आइपुग्दा यसको व्यापकतामा केवल ०.९ प्रतिशत सुधार भएको देखिएतापनि नेबिअप्रले सन् २०१९/०२०[१३] मा गरेको सर्वेक्षण अनुसार बढेर ३१.७ प्रतिशत पुगेको पाइएको छ । नेपालमा सुर्तीजन्य पदार्थको प्रयोगको नियन्त्रणका लागि विभिन्न असल नीतिहरु कार्यान्वयन गर्दागर्दै पनि यसको नियन्त्रणमा भने उल्लेख्य योगदान पुग्न नसकेको देखिन्छ।

अतः सर्वेक्षणमा संकलन गरिएका जानकारी र प्रमाणका आधारमा नेपालमा सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनका नीतिहरु प्रभावकारी रूपमा कार्यान्वयन नभएको भन्न सकिन्छ । विद्यमानमा भएका नीतिहरूको कार्यान्वयनलाई र नियमनलाई सुदृढ एवम् सबल बनाएमा नै सुर्तीजन्य पदार्थको व्यापकता न्यूनिकरणमा सहयोग पुग्नेछ । यससंगै सरकारले सुर्तीजन्य पदार्थमा करको दर वृद्धि गर्नु जरूरी छ, जसले सुर्तीजन्य पदार्थको मुल्य वृद्धि गर्नेछ र प्रयोगकर्ताको खर्चगर्ने क्षमतालाई पनि घटाउने छ ।

[1]https://www.who.int/cancer/country-profiles/npl_en.pdf
[2]https://gco.iarc.fr/today/data/factsheets/populations/524-nepal-fact-sheets.pdf
[3]https://tobaccoatlas.org/country/nepal/
[4]MPOWER – Monitoring tobacco use and prevention, protect people from tobacco smoke, Offer help to quit tobacco use, Warn about the dangers of tobacco, Enforce bans on tobacco advertisement, promotion and sponsorship, and Raise taxes on tobacco.
[5]Brief Profile on Tobacco Control in Nepal, GoN, MoHP
[6]Multisectoral Action Plan for the Prevention and Control of NCDs (2014-2020), Government of Nepal
[7]https://www.who.int/fctc/reporting/party_reports/nepal_2012_annex2_tobacco_profile.pdf?ua=1
[8]https://www.who.int/fctc/reporting/party_reports/nepal_2012_annex2_tobacco_profile.pdf
[9]Ibid
[10]https://www.who.int/ncds/surveillance/steps/2012-13_Nepal_STEPS_Report.pdf
[11]https://www.who.int/docs/default-source/nepal-documents/ncds/ncd-steps-survey-2019-compressed.pdf?sfvrsn=807bc4c6_2
[12]https://www.ndri.org.np/ourpublication/national-survey-on-socio-economic-and-policy-aspects-of-tobacco-use-in-nepal/




सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि बहु क्षेत्रिय मन्त्रालयहरूको भूमिका
**स्रोतः** नसर्ने रोगहरूको निवारण तथा नियन्त्रणका लागि बहुक्षेत्रीय कार्य योजना (सन् २०१४-२०२०)

## प्रतिवेदनका लागि सूचना सबुतहरूको संकलन पद्दती

यो नीति सारंश तयार गर्ने प्राथमिक स्रोत तथ्याङ्कको रूपमा नेपाल विकास अनुसन्धान प्रतिष्ठानले सम्पन्न गरेको नेपालमा सूर्तिजन्य पदार्थ प्रयोगको सामाजिक-आर्थिक र नीतिगत पक्षमा राष्ट्रिय सर्वेक्षण सन् २०१९/२० का नतिजाहरूलाई प्रमुख आधार मानिएको छ । साथै द्बितीय स्रोतको रूपमा सरकारी तथा अरू विभिन्न स्रोतका ऐन, नियम, योजना तथा नीति रणनीतिहरूको गहन अध्यन गरिएको छ । सर्वेक्षणमा विभिन्न सरकारी निकायका पदाधिकारीहरु, प्रदेशिक अस्पतालहरु, सार्वजनिक वा प्राथमिक स्वास्थ सेवा केन्द्र, विद्यालयका शिक्षकहरु, महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरु, सुर्तीजन्य पदार्थको व्यपारीहरूसंगको अन्तर्वाताबाट प्राप्त जानकारीलाई विश्लेषण गरी यसमा समेटिएको छ । कक्षा ८ देखि १० सम्मका १३ देखि १८ वर्ष सम्मका किशोर-किशोरीहरु केन्द्रित र लक्षित समूहगत छलफलबाट प्राप्त जानकारीले नेपालमा सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनका नीतिहरूको कार्यान्वयनको प्रभावकारितालाई दर्शाउँदछ । सूर्तीजन्य पदार्थको नियन्त्रणका नीतिहरूको कार्यान्वयन अवस्था प्रति जनसाधारणको धारणा बुझ्न र सूचना संकलन गर्न, सबै प्रदेशहरूमा पनि सरोकार वालाहरूसँग अन्तर्वाता सम्पन्न गर्नुका साथै किशोर-किशोरी केन्द्रित समूहगत छलफल पनि गरिएको थियो । ती अन्तर्वार्ता, संवाद र समुह छलफलमा सहभागीहरूले ब्यक्त गरेका धारणाले नेपालमा सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनका नीतिहरूको कार्यान्वयनको अवस्था कमजोर देखाएको छ । उनिहरूका प्रतिनिधि धारणा र भनाइहरु यस नीति सारांशमा पनि समावेश गरिएको छ ।

## समस्याको विवरण

### सार्वजनिक स्थलमा धुम्रपान निषेध नीतिको कमजोर कार्यन्वयन

नेपलमा "एमपावर" नीतिको अनुशरण र सुर्तीजजन्य पदार्थको (नियन्त्रण तथा नियमन) ऐन, २०६८ का व्यवस्थाहरु अनुसार सार्वजनिक स्थलहरूमा सुर्तीजन्य पदार्थको सेवन गर्न निषेध गरेको छ (बाकस २)। तथापि, सार्वजनिक स्थलहरूमा सुर्तीजन्य पदार्थको सेवनमा निषेधको पालना देशको राजधानी तथा ठूला शहरका केही सरकारी कार्यालय, सार्वजनिक यातायात, अस्पताल र केही होटेल, रेष्टुरेन्टहरूमा मात्रभएको देखिन्छ । नेपाल विकास अनुसन्धान प्रतिष्ठानले गरेको सुर्तीजन्य पदार्थको उपभोगको सामाजिक-आर्थिक र नीतिगत पक्षको राष्ट्रिय सर्वेक्षणका ३.५१ प्रतिशत उत्तरदाताले मात्र यस नीतिको उचित कार्यन्वयन भएको बताए भने ६०.६ प्रतिशतले यो व्यवस्थाको कार्यान्वयन प्रभावकारी नभएको बताए ।

ऐन बमोजिम सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन निषेध गर्ने व्यवस्थाको कार्यान्वयन र परिपालना निकै फितलो छ । नेविअप्रको गुणात्मक सर्भेक्षणका तथ्याङ्कका अनुसार सार्वजनिक स्थान, यातायत, अस्पताल र सरकारी कार्यालय जस्ता संवेदनशील क्षेत्रमा सुर्तीजन्य पदार्थको सेवन निषेध भएता पनि तराईका क्षेत्रमा खैनी, सुर्ती, गुट्का जस्ता सुर्तीजन्य पदार्थ मुखमा च्याप्ने सुर्तीको

### दोस्रो बाकसः सूर्तीजन्य पदार्थको (नियन्त्रण तथा नियमन) ऐन-२०६८ (दफा ४ र ५ का व्यवस्थाहरू)

सुर्तीजन्य पदार्थको नियन्त्रणतथा नियमन ऐन-२०६८ मा कसैले पनि सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्ती सेवन गर्न पाइने छैन भन्ने प्रष्ट उल्लेख गरिएको छ । सार्वजनिक स्थाल भन्नाले सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका कार्यालय, शिक्षण संस्था, सार्वजनिक यातायात र प्रतिक्षालय, सार्वजनिक शौचालय आदि मानिनेछ । तथापि, अन्य व्यक्तिलाई प्रतिकुल असर नपर्ने गरी व्यवस्थित ठाँउमा सेवन गर्न सकिनेछ । सार्वजनिक स्थलको आवश्यकता अनुसार धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन निषेधित क्षेत्र उल्लेखित सूचना सबैले देख्न र पढ्न सक्ने गरी टाँस्नुपर्नेछ । यदि यसको उल्लङ्घन भएको खण्डमा उक्त व्यक्तिलाई १०० रुपैँया जरिवाना र उक्त स्थानबाट निकाला गरिने व्यवस्था रहेको छ ।

सेवन प्रचुर मात्रामा देखिएको थियो । सर्वेक्षणमा संलङ्गन अनुसन्धानकर्ताहरूले देशका तराई क्षेत्रमा खैनी, सुर्ती गुट्का, जस्ता मुखमा च्याप्ने सुर्तीजन्य पदार्थहरु सार्वजनिक स्थलमा पनि प्रयोग गर्ने प्रवृत्तीको प्रत्यक्ष अवलोकन गरेका थिए । ती क्षेत्रका सार्वजनिक बसहरुमा खैनी, सुर्ती गुट्काका प्याकेट व्यवस्थापनका लागि टोकरी पनि रहेको पाइएको थियो भने सोही क्षेत्रका सार्वजनिक बसहरुमा चालक तथा सह–चालकहरुले सूर्तीजन्य पदार्थ सेवन गर्दै सेवा प्रदान गरिरहेको पनि पाइएको थियो । धुँवा नआउने कारणले सार्वजनिक स्थलमा यस्ता सूर्तीजन्य पदार्थको सेवनको लोकप्रियता बढेको पाइयो । प्रदेश २, ३ र ५ का अस्पताल र सरकारी कार्यालयजस्ता संवेदनशील क्षेत्रमा पनि सुर्तीजन्य पदार्थको सेवन गरी ऐनका व्यवस्थाहरुको उलंघन गरेको पाइएको थियो । यी त केबल उदाहरण मात्र हुन् तर सार्वजनिक क्षेत्रमा सुर्तीजन्य पदार्थको निषेध गरिएको ऐनको उल्लङ्घन र अबज्ञा नेपालका साते प्रदेशमै भएको देखिन्छ ।

नेबिअप्रको सर्वेक्षणमा सर्भेक्षकहरु समक्ष अन्तर्वार्ता तथा छलफलमा सहभागीहरुले धूमपान निषेध नीतिका बारेमा व्यक्त गरेका केही प्रतिनिधि धारणाहरु तल उल्लेखित छन्ः

**“यद्यपि स्कूल परिसरमा कसैले पनि सूर्तीजन्य पदार्थको प्रयोग गर्न निषेध छ, तर खैनी, सुर्ती, गुट्का, जस्ता सुर्तीजन्य पदार्थका खोलहरू स्कूल भित्र, कक्षा कोठामा, शौचालयमा जहाँतही भेटिन्छन् ।”**
(सुर्खेत, कर्णाली प्रदेशको एक स्कूलका प्रधानाध्यापक-अन्तर्वार्ता)

**“हामीले अस्पताल, बस बिसौनी र स्कूलका शौचालय जस्ता सार्वजनिक स्थलहरूमा सुर्तीजन्य पदार्थको सेवन गर्दै गरेका मानिसहरूलाई देखेका भेटेका छौं ।”**
(लमजुङ गण्डकी प्रदेशको एक स्कूलका किशोरकिशोरीहरु समूहगत छलफलमा)

**“हामीले मानिसहरूले अस्पताल, कार्यालय, बस बिसौनी र स्कूलका शौचालय जस्ता सार्वजनिक स्थल र सार्वजनिक बस भित्र पनि सुर्तीजन्य पदार्थको सेवन गर्दै गरेको देखेका छौं ।”**
(सामुदायिक छलफलमा संलङ्गन दुई सहभागीहरु, रौतहट, प्रदेश दुई)

**“अँ, मैले पनि मानिसहरूले सार्वजनिक स्थलमा सुर्तीजन्य पदार्थको सेवन गरेको देखेको छु ।”**
(सामुदायिक छलफलका एक सहभागी, टिकाथली, ललितपुर, बाग्मति प्रदेश)

## सुर्तीजन्य पदार्थको बिक्री वितरणको फितलो नियमन [13]

### तेस्रो बाकसः सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन, २०६८ (दफा ११)

अठ्ठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन पाइने छैन । शैक्षिक संस्था र अस्पताल र नेपाल सरकारले तोकेको सार्वजनिक स्थान परिसरको १०० मिटर टाढा अनुमतिपत्र वा इजाजतपत्र प्राप्त पसलबाटमात्र सुर्तीजन्य पदार्थको बिक्री वितरण गर्न पाइनेछ । कसैले पनि निःशुल्क सर्तीजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन । कसैले पनि सूर्तीजन्य पदार्थको बिक्री वितरण गर्ने इजाजतपत्र नलिइ विक्री वितरण गर्न पाइने छैन। सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी, कसैले पनि फुटकर रूपमा चुरोटका खिल्ली विक्री गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

[13]http://www.lawcommission.gov.np/en/wp-content/uploads/2018/10/tobacco-products-control-and-regulatory-act-2068-2011.pdf

सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन, २०६८ को (दफा ११) मा सुर्तीजन्य पदार्थको बिक्री बितरणको लागि उमेर, शारीरिक अवस्था आदी आधारमा कसलाई, कहाँ र कसरी विक्री गर्न भनि कानूनी व्यवस्था उल्लेख गरिएको छ (बाकस-३) । तथापि नेविअप्रले गरेको सर्वेक्षणको क्रममा माथि उल्लेखित कुनै पनि प्रतिबन्धलाई वास्ता गरिएको पाइएन । नेपालमा सर्वत्र जोसुकैले जताबाट पनि निस्फिक्री सुर्तीजन्य पदार्थको खरिद र बिक्री पनि गर्न सक्दछन् । सर्वेक्षणका दुई तिहाई ६८.३ प्रतिशत भन्दा बढी उत्तरदाताले १८ वर्ष मुनिका बाल-बालिका र युवा-युवतीहरूले निर्धक्क सुर्तीजन्य पदार्थको खरिद र बिक्री गरेको देखेका छन् भने २१.६ प्रतिशतले गर्भवती महिलाले समेत सुर्तीजन्य पदार्थको खरिद र बिक्री गरेको देखेका छन् । लक्षित समुह छलफल र सरोकारवालाहरूसंगको अन्तर्वार्ताबाट संकलित परिमाणात्मक र गुणात्मक सूचना एवम् क्षेत्र अवलोकन गर्दा सरकारले सूर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐनबाट तोकेका प्रतिबन्धका प्रावधान बिरलै पालना गरेको पाइयो । त्यस्तै बिक्रेताले सुर्तीजन्य पदार्थको बिक्री वितरण गर्नका लागि इजाजतपत्र लिनु पर्ने कुरा पनि निकै कमलाईमात्र थाहा थियो भने १८ वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन पाइने छैन र उक्त कुरा उल्लेख गरी बिक्री वितरण केन्द्रमा अनिवार्य रूपमा सूचना टाँसिनुपर्ने कुरा त झनै दुर्लभ थिए ।

सर्वेक्षणका क्रममा प्रदेश एकका सामाजिक विकास मन्त्रालयका एक अधिकारीसँगको अन्तर्वाता हुँदा सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन गर्न बिक्री वितरण केन्द्रमा कडाई गर्नु पर्ने जोड दिएका छन् ।

नेपालमा सुर्तीजन्य पदार्थको बिक्रि बितरणको अवस्थाका बारेमा सर्वेक्षणका क्रममा सहभागीहरूबाट प्राप्त केही धारणाहरु यहा प्रस्तुत गरिएका छन् ।

**"हाम्रो स्कूल वरिपरी सुर्तीजन्य पदार्थ बेच्ने थुप्रै पसलहरू छन् र मेरा साथीहरू स्कूल नजिकका तिनै पसलहरूबाट खरिद गर्दछन् ।"**
-एक किशोर विद्यार्थी, बाजुरा प्रदेश सात, (किशोरकिशोरी केन्द्रित समूहगत छलफल)

**"हाम्रो स्कूल संगै सुर्तीजन्य पदार्थ बेच्ने थुप्रै पसलहरू छन् र हामी जहाँबाट पनि सजिलै किन्न सक्छौं । मैले त्यस्ता पदार्थ किन्दा कसैले कहिल्यै रोकेको छैन ।"**
-किशोर विद्यार्थीहरु, गण्डकी प्रदेश (किशोरकिशोरी केन्द्रित समूहगत छलफल)

**"स्कूल वरिपरिका पसलहरू वा कुनै पनि पसलमा सुर्तीजन्य पदार्थ स्कूलकै पोशाक लगाएर किन्न जाँदा पनि कसैले उनलाई रोकेको छैन ।"**
-किशोरी वद्यार्थी, दाङ, प्रदेश पाँच (किशोरकिशोरी केन्द्रित समूहगत छलफल)

**"तपाइलाई सुर्तीजन्य पदार्थ किन्नकसैले रोक्दैन्न ।"**
-दुई किशोरी विद्यार्थीहरु, इलाम, प्रदेश एक (किशोरकिशोरी केन्द्रित समूहगत छलफल)

## सुर्तीजन्य पदार्थको प्रयोग नियन्त्रण गर्नकालागि अप्रभावकारी निरीक्षण प्रणाली

विश्व स्वास्थ सङ्गठनका अनुसार सुर्तीजन्य पदार्थको प्रयोगको नियन्त्रणका लागि अनुगमन निरीक्षण निकै महत्वपूर्ण उपाय हो । यस सम्बन्धि नीति र टोली बनाउन, अनुगमन निरीक्षण गर्न समेतका लागि नेपाल सरकारले सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन ऐन, २०६८ दफा १९ बमोजिम एक समितिको गठन गरको छ । समितिमा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव अध्यक्ष, एनएचईआईसीसीका निर्देशक उपाध्यक्ष, सुर्तीजन्य पदार्थको नियन्त्रणमा संलग्न सरकारी तथा गैरसरकारी संस्थाहरूमा कार्यरत र मन्त्रालयले मनोनयन गरेका अन्य चार जना सदस्य र मन्त्रालयका कानून अधिकृत सदस्य सचिव रहने व्यवस्था छ । उक्त समितीले सूर्तीजन्य पदार्थका निरीक्षकहरूको भूमिका र जिम्मेवारी सम्बन्धी निर्देशन दिनुका साथै तिनीहरूको कार्यको अनुगमन र मूल्याङ्कन पनि गर्न गर्दछ ।

**चौथो बाकसः सुर्तीजन्य पदार्थको निरीक्षक को हुन् ?**

सन् २०१८ मा नेपाल सरकार मन्त्री परिषदको निर्णयले, सहायक प्रमुख जिल्ला अधिकारी वा प्रमुख प्रशासकिय अधिकृतलाई सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन ऐन, २०६८ का प्रावधानहरु आ-आफ्नो जिल्लामा उलंघन भए नभएको निरीक्षण गर्ने निरीक्षकका रूपमा कार्य गर्न अधिकार दिएको थियो । निरीक्षकको जिम्मेवारी पाएका पदाधिकारीलाई निरीक्षण गर्ने, अनुसन्धान र अभियोजन गर्ने सम्मको अधिकार पनि रहेको छ ।

प्रत्येक जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सुर्तीजन्य पदार्थ सम्बन्धी मुद्दाको सुनुवाइ र निर्णय गर्ने कानूनी अधिकार रहेको छ ।

निरीक्षकलाई सार्वजनिक स्थलमा धुम्रपान वा वेच विखन गर/ नगरेको निरीक्षण गर्ने, सुर्तीजन्य पदार्थको उत्पादकले ऐन अनुसारका दायित्वहरु पुरा गरेको छ छैन समेत जाँच्ने अधिकार रहेको छ ।

[14]https://www.who.int/tobacco/mpower/publications/en_tfi_mpower_brochure_m.pdf?ua=1

यी कानूनी प्रावधान भए तापनि नेविअप्रले गरेको सर्वेक्षणका क्रममा अधिकांश प्रमुख जिल्ला अधिकारीहरूले उक्त कानूनी व्यवस्था र सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमनका लागि गठन गरेको समितिले बनाएको निरीक्षण र अनुगमन प्रणालीको कार्यान्वयनमा ध्यान दिन नभ्याएको पाइयो । सर्वेक्षणका क्रममा गरिएको सामुहिक छलफल तथा विभिन्न सरकारी पदाधिकारी एवम् सरोकारवालाहरूसँग गरिएको अन्तर्वातामा अधिकांशले सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमनका लागि बिक्री बितरण र सार्वजनिक स्थानमा त्यसको सेवनमा निगरानीलाई बढाउन निकै जोडका साथ सुझाव दिएका थिए ।

सुर्तीजन्य पदार्थको उपभोगको सामाजिक-आर्थिक र नीतिगत पक्षको राष्ट्रिय सर्वेक्षणका सहभागीहरूले त्यस्ता पदार्थको प्रयोगको निरिक्षणका सम्बन्धमा व्यक्त केही नमूना धारणाहरु यहाँ प्रस्तुत गरिएको छ ।

**"हामीले कोही पनि नागरिकलाई सार्वजनिक स्थलमा सुर्तीजन्य पदार्थको सेवन गर्न रोक्न सक्दैनौं, किनकि त्यस्ता वस्तुहरू बजारमा सर्व सुलभ र किफायती तरिकाले उपलब्ध छन् ।"**
-प्रदेश एकको इलामका प्रमुख जिल्ला अधिकारीसँगको अन्तर्वातामा व्यक्त विचार

**"सरकारले बनाएको नीतिहरू त छन् तर त्यसको कार्यान्वयन कमजोर छ । हाम्रो मुख्य चुनौति नै संवेदनशील सार्वजनिक स्थल वरिपरि सुर्तीजन्य पदार्थको बिक्री बितरणलाई रोक लगाउनु हो, त्यसलाई रोक्नका लागि बिक्री बितरण र प्रयोगमा कडाई एवम् त्यसको प्राभावकारी निरिक्षण र मूल्याङ्कन हुनुपर्दछ।"**
-सर्लाहीका उप-मेयर, प्रदेश २ (अन्तर्वाता)

**"हाम्रो नगरपालिकामा सुर्तीजन्य पदार्थको नियन्त्रणका लागि कुनै समिति र अनुगमन निरीक्षणका लागि कुनै विशेष टोली छैन ।"**
-प्रमुख कार्यकारी अधिकृत, भक्तपुर नगरपालीका, बाग्मती प्रदेश (अन्तर्वाता)

**"अहिलेसम्म सार्वजनिक ठाँउमा धुम्रपान गरेर कानून उलंघन गर्ने कसैलाई कारबाही भएको उदाहरण छैन । यस्ता क्रियाकलापलाई नियमन गर्ने जिम्मेबार व्यक्ति पनि कोही छैन ।"**
-एक मेयर, कर्णाली प्रदेश (अन्तर्वाता)

**"अहिलेसम्म सुर्तीजन्य पदार्थको नियन्त्रण र निरिक्षणका लागि केही कार्यक्रम गरिएको छैन र सुर्तीजन्य पदार्थको नियन्त्रण सम्बन्धी ऐनहरूको उल्लङ्घनमा कोही कसैलाई केही कारबाही गरिएको छैन ।"**
-प्रमुख प्रशासकिय अधिकृत, सल्यान, कर्णाली प्रदेश (अन्तर्वार्ता)

## सुर्तीजन्य पदार्थको प्रयोग त्याग्ने कार्यक्रमलाई सुदृढ र बिस्तार गर्नु पर्ने आवश्यकता

सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन ऐन २०६८ को कार्यान्वयन र परिपालनालाई सुदृढ बनाउन, नसर्ने रोगहरूको नियन्त्रण र निवारणका लागि बहुक्षेत्रिय कार्य योजना सन् (२०१४-२०२०) मा प्रष्ट लेखिएका लक्ष्यहरूमध्ये सुर्तीजन्य पदार्थ त्याग्न चाहनेका लागि सहयोग पुर्याउने पनि समावेश छ । जुन पाँचौ बाकसमा बर्णन गरिएको छ ।

तथापि, निर्धारित लक्ष्य प्राप्ति हुने गरी उक्त योजनाको समयबद्ध कार्यान्वयन हुन सकेको देखिदैन । सुर्तीजन्य पदार्थ त्याग्न चाहने लाई मद्दत पुग्ने गरी नेपालका केही जिल्लाका प्राथमिक स्वास्थ सेवा केन्द्रहरूबाट सेवा दिन प्रारम्भ गरिएको छ । यी सेवाहरु सन् २०१७ देखि नसर्ने रोगको व्यवस्थापनका लागि बनेका आधारभूत प्याकेजमा सामवेश गरिएका छन् ।

### पाचौं बाकसः सुर्तीजन्य पदार्थको सेवन रोक्न हस्तक्षेपकारी लक्ष्यहरू

❑ सुर्तीजन्य पदार्थको सेवन अन्त्य गर्न मद्दत पुर्याउने उपचार त्मक सेवाहरु बारे राष्ट्रिय निर्देशिकाको निर्माण गर्नु ।

❑ सुर्तीजन्य पदार्थको सेवन अन्त्य गर्न मद्दत पुर्याउने उपचार त्मक परामर्श सेवा केन्द्र स्थापना गर्ने ।

❑ नि:शुल्क राष्ट्रिय टोल-फ्री टेलिफोन लाइन जडान गरी टेलिफोनबाटै परामर्श सेवा दिनु ।

❑ प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरूका कर्मचारी लाई तालिम दिएर सुर्तीजन्य पदार्थ सेवन अन्त्य गर्न मद्दत पुर्याउने सेवा वा परामर्शका कार्यक्रम पनि केन्द्रका कार्यक्रमा एकिकृत गर्ने ।

नेपालमा सुर्तीजन्य पदार्थ त्याग्न इच्छुकलाई मद्दत पुर्याउने सेवाहरु र उपचार बारे राष्ट्रिय निर्देशिकाहरु छैनन् । नेपाल अबुर्द रोग निवारण केन्द्रले सुर्तीजन्य पदार्थ त्याग्न चाहनेलाई मद्दत पुर्याउन थोरै सेवाहरु केही स्वास्थ्य केन्द्रहरुमा प्रदान गरिरहेको छ तर सरकारी प्राथमिक स्वास्थ सेवा केन्द्रहरुमा एकिकृत भएको छैन । नेपालमा सुर्तीजन्य पदार्थ त्याग्न मद्दत पुर्याउने जस्तै निकोटिन प्रतिस्थापन चिकित्सा, निकोटिन टुक्रा आदि उपलब्ध छैनन् र राष्ट्रिय टोल-फ्री टेलिफोन लाइन पनि जडान भएको छैन ।

सर्वेक्षणका क्रममा २६ प्रतिशत धूम्रपानकर्ता र २३ प्रतिशत धुवारहित सुर्तीजन्य पदार्थका सेवनकर्ताहरुले बिगत एक वर्षको बिचमा धूमपान त्याग गर्ने कोशिस गरेको बताएका थिए । तर, १७.७ प्रतिशतले उचित परामर्श तथा जानकारीको अभावमा धुम्रपान त्याग्न नसकेको बताएका छन् । नेविअप्रबाट गरिएको सर्भेक्षणको समयमा, अस्पतालहरु तथा प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरुबाट सुर्तीजन्य पदार्थ त्याग्न मद्दत पुग्ने गरी दिइने सेवा र परामर्शको बारेमा सोधपुछ गर्दा ६४ प्रतिशत उत्तरदाताहरु यसका बारे अनभिज्ञता व्यक्त गरे ।

## निष्कर्ष

माथिका तथ्यहरुबाट प्रमाणित हुन्छ की, सुर्तीजन्य पदार्थ नियन्त्रण सम्बन्धी नीतिहरु कानून सम्मत ढंगले तर्जुमा गरिएको भएतापनि त्यसको कार्यान्वयन सुस्त रहेको छ । नेपालमा सुर्तीजन्य पदार्थको प्रयोगको समस्यालाई कम गराउनको लागि सरकारले बनाएका नीति नियमहरु लागू गराइ प्रभावकारी कार्यान्वयन गर्नुकासाथै जनचेतनामा बृद्धि गराउने र बहुक्षेत्रिय सरोकारवालाहरु र सचेत नागरिकको सक्रिय सहभागिता एवम् नीतिहरुको उचित परिपालना गर्नु र गराउनु आवश्यक छ । सुर्तीजन्य पदार्थको प्रयोगले हालका र भविष्यका कर्णधार पुस्ताहरुमा अत्यधिक असर पर्ने भएको हुँदा यस प्रतिवेदनमा सिफारिस गरिएका रणनैतिक कार्यहरु तत्काल शुरू गरिएमा सुर्तीजन्य पदार्थको प्रयोग दर ३० प्रतिशतले घटाउन र दीर्घकालीन विकास लक्ष्यलाई पुरा गर्न सहयोग गर्ने आशा गरिएको छ ।

हाल भैरहेका योजना तथा नीतिहरुको प्रभावकारी ढङ्गले कार्यन्वयन गर्नुका साथै ती पदार्थमा उच्च मूल्य कायम गर्नु अहिलेको समयको आवश्यकता हो । सूर्तीजन्य पदार्थमा लाग्ने करको दरमा बृद्धि गरी उच्च मूल्य कायम गर्नु एक लागत प्रभावि तरिका हो, फलस्वरूप नेपालमा त्यसको मागका साथै व्यापकता दर पनि निकै घटने हुन्छ । यद्यपि, सूर्तीजन्य उत्पादनमा करको दर बृद्धि गर्ने जस्तो उपयुक्त उपायको अवलम्बन गरिएको छैन । नेपालले सूर्तीजन्य पदार्थमा, विश्व स्वास्थ संङ्गठनले सुझाएको खुद्रा मूल्यको ७० प्रतिशतभन्दा निकै कम, ३० प्रतिशतमात्र कर लगाएर दक्षिण पूर्वी एसियामै सबैभन्दा कम कर लगाउने देशमध्येमा परेको छ । त्यसैले नेविअप्रले ती पदार्थहरुमा कर दर बढाउनका लागि निरन्तर दवाव दिइरहेको छ, किनकि यो जनस्वास्थ्यको साथसाथै राजस्व वृद्धि कालागि पनि जित जितको अवस्था हो ।

## सुझाब

जनताको स्वास्थ्य र तीनको अर्थ व्यवस्थामा सुर्तीजन्य पदार्थको उपभोगको कारण पर्ने गम्भीर असरलाई न्यूनीकरण गर्न, सरकारले ती पदार्थको नियन्त्रण तथा नियमन गर्न बनाएका नीति, कानुनी व्यवस्था लगायतका क्रियाकलापहरुको उचित कार्यान्वयनका लागि केहि उपायहरु तत्कालै गर्नु पर्ने र अन्य कार्यहरु दीर्घकालीन रूपले गर्नुपर्ने आवश्यकता छ । यस प्रतिवेदनमा सरकारबाट पहल गर्नुपर्ने तत्कालीन, मध्यकालीन र दीर्घ कालीन प्रमुख कार्यहरूलाई सुझाव स्वरूप सिफारिस गरिएको छ ।

# तत्कालीन कार्यहरु

| सुर्तीजन्य पदार्थको नियन्त्रण सम्बन्धि नीतिहरूको प्रभावकारी कार्यान्वयनः | |
|---|---|
| क. | सुर्तीजन्य पदार्थको उपयोग नियन्त्रण सम्बन्धि मौजुदा नीतिहरूको प्रभावकारी कार्यान्वयनकोलागि तत्काल निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन प्रणाली शुरू गर्नु अत्यावश्यक छ । नेविअप्रले गरेको एन.एस.ई.पी.टी सर्वेक्षणको क्रममा नेपालका साते प्रदेशहरूमा यस सम्बन्धी मौजुदा नीति र कार्यान्वयनमा ठूलो अन्तर रहेको देखियो । उपभोग नियन्त्रण सम्बन्धी नीतिहरूका आधिकारीक कागजातहरूमा निरीक्षण र अनुगमनका लागि अनुगमन अधिकृत लगायत प्रणालीको व्यवस्था छ । तर, यसका लागि जिम्मेवार स्थानीय स्तरका पदाधिकारीहरूमा आफ्नो भूमिका बारे अनजान जस्तै देखिएका थिए । केन्द्रीय तहले स्थानीय तहमा प्रत्यायोजन गरेको नीति कार्यान्वयनको अनुगमन तथा निरीक्षणको अधिकार प्रतिको भ्रम र बेमेलले, धुम्रपान रहित नीति र नियमहरूको कार्यान्वयनलाई सुर्तीजन्य पदार्थको बिक्री तथा वितरणले छायामा पार्यो । त्यसकारण गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र निजीक्षेत्र समेतको समन्वय र सहभागितामा अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण प्रणालीलाई प्रभावकारी रूपमा लागूगर्न सुझाब गरिएको छ । |
| ख. | धुम्रपान रहित नीतिको क्षेत्र विस्तार र परिपालना गराउँदै सुर्तीजन्य उत्पादनहरूको बिक्री र वितरण स्थानीय स्तरका अधिकारीहरूको निगरानीमा गराउनु उपयुक्त देखिन्छ । एन.एस.ई.पी.टी सर्वेक्षण कर्ताहरूले, सुर्तिजन्य पदार्थको बढ्दो प्रयोगबाट, वर्तमान र भविष्यका आफ्ना पुस्तालाई सुरक्षित राख्नको लागि स्थानीय स्तरका अधिकारीहरु बढी चिन्तित रहेको पाएका थिए । तसर्थ, धुम्रपान रहित नीति नियमको क्षेत्र विस्तार, सूर्तीजन्य पदार्थको बिक्री, वितरणका व्यवस्थाहरूको उचित कार्यान्वयनको अनुगमन, निरीक्षणका लागि स्थानीय तहका अधिकारीहरूलाई अधिकार प्रत्यायोजन गर्ने, उनीहरूको क्षमता विकास र सशक्तीकरण गर्न सुझाब गरिएको छ । |
| ग. | बिक्री र वितरणका नियमहरूको कडा कार्यान्वयन र अनुगमन, निजी क्षेत्र र नागरिक समाज समेतको सहकार्यमा गर्न सुझाव गरिएको छ । खरीदकर्ताको उमेर, शारीरिक अवस्था, स्थान, दूरी इत्यादिमा आधारित सुर्तीजन्य पदार्थको बिक्री वितरणको प्रतिबन्धलाई वेवास्ता गरिएको एन.एस.ई.पी.टी सर्वेक्षणको क्रममा देखिएको थियो । किफायती मूल्य, सहज उपलब्धता र व्यवधान विहिन पहूँच नै युवाहरु बीच सुर्तिजन्य बस्तुको उपभोग बढ्नुका महत्वपूर्ण कारक मानिएका छन् । त्यस कारण, नाबालिग र गर्भवती महिलालाई सुर्तिजन्य बस्तुको खरीद बिक्रीमा र सानो आकारको प्याकेट वा खुल्ला बिक्रीमा प्रतिबन्ध लगाउने, विक्रेताबाट नावालिकलाई उमेर पुष्टि गर्न र १०० मिटरको दूरी कायम राख्ने व्यवस्थाहरु कडाईका साथ लागू गर्दै अनुगमन र नियमनका लागि शिक्षक, स्वास्थ्यकर्मी र निजी क्षेत्रको सहयोग लिन सुझाब गरिएको छ । |
| ❑ | नसर्ने रोगहरूको नियन्त्रण र निवारणकालागि बहुक्षेत्रिय कार्य योजना (सन् २०१४-२०२०) को कार्यान्वयनको समीक्षा गर्नुपर्ने । उक्त कार्ययोजना कार्यान्वयनको अन्तिम चरणमा रहेकोले योजनाबाट प्राप्त हालसम्मको उपलब्धीको विश्लेषणात्मक समीक्षा गर्न आवश्यक छ । साथै, सुर्तीजन्य पदार्थ प्रयोगको नियन्त्रण तथा रोकथामकोलागि नयाँ रणनीतिहरूको तर्जुमा गर्नुपर्ने जरूरी रहेको देखिन्छ । |
| ❑ | सुर्तीजन्य पदार्थको सेवनलाई त्याग्न प्रोत्साहन गर्ने कार्यक्रमलाई पहिलो प्राथमिकतामा राख्नु पर्छ । सुर्तीजन्य पदार्थको सेवनलाई त्याग्ने प्रोत्साहनकोलागि र नसर्ने रोगको रोकथामकोलागि एउटै प्याकेज बनाउनुको सट्टामा सुर्तीजन्य पदार्थ त्यागनकोलागि आवश्यक सेवाहरूको छुट्टै प्याकेज बनाई प्राथमिकतामा राखिनु आवश्यक छ । प्रदेश र स्थानीय तहमा सुर्तीजन्य पदार्थको सेवन त्याग्ने सेवाहरूको उपलब्धता सम्बन्धी राष्ट्रिय निर्देशिकाको तर्जुमा गर्ने, सुर्तीजन्य पदार्थको सेवन त्याग्न मद्दत पुर्याउने सेवा वा परामर्श केन्द्र, निकोटिन प्रतिस्थापन चिकित्सा केन्द्र, निःशुल्क राष्ट्रिय टोल-फ्री टेलिफोन लाइन स्थापना गर्ने लगायतका क्रियाकलाप सञ्चालन गर्न प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरूका कर्मचारीलाई तालिम दिने जस्ता कार्यक्रमलाई समावेश गर्न सुझाव गरिएको छ । |

# निरन्तर कार्यहरु

| जन चेतनाः | |
|---|---|
| क. | सरकार र निजी क्षेत्रबाट, विद्यमान सुर्तीजन्य पदार्थको नियन्त्रणका नीतिहरूको प्रभावकारी कार्यान्वयनका लागि व्यापक, लगातार र संयुक्त रुपमा क्रियाकलापहरू गरिनु जरूरी छ । हालका नीतिहरूको बारेमा जानकारीको अभावले पनि, मानिसहरूले यसमा ध्यान दिइरहेका छैनन् जुन नेविअप्रको एनएसईपिटी सर्वेक्षणको क्रममा देखिएको थियो, करीव ५० प्रतिशत मानिसहरूलाई भैरहेका कानून तथा नीति र तिनबाट हुने सम्भावित सजायहरु बारे जानकारी नभएको पाइएको थियो । |
| ख. | सुर्तीजन्य पदार्थका प्रयोगकर्ताहरूलाई, त्यसको सेवन त्याग्नकोलागि प्रोत्साहन पुर्याउने सेवाहरु र सुर्तीजन्य पदार्थको सेवनबाट स्वास्थ्यमा हुने जोखिमहरूको बारेमा सचेतना मुलक जानकारी लगातार दिइरहन सुझाव दिइएको छ । माथि उल्लेख गरिएझैं, धेरै व्यक्तिहरूलाई यसले स्वास्थ्यमा पार्ने जोखिमको बारेमा जानकारी भएरपनि कसरी त्याग्न सकिन्छ भन्ने थाहा नभएको कारण र उपलब्ध सेवाहरूको बारेमा जानकारी नपाएकोले सुर्तीजन्य पदार्थ त्याग्न सकेका छैनन् । स्वास्थ्य कर कोष मार्फत सुर्तीजन्य पदार्थ त्याग्न सहयोग गर्ने कार्यक्रमहरूको लागि रकम बढाउने र स्कूलको पाठ्यक्रम, विभिन्न श्रब्य दृष्य सञ्चार माध्यमहरु मार्फत सुर्तीजन्य प्रदार्थ छोड्न र छुटाउन सहयोग पुर्याउने कार्यक्रमबारे व्यापक जन चेतना फैलाउने गरी क्रियाकलापहरूलाई निरन्तर कार्यको रूपमा संचालन गर्न सुझाव गरिएको छ । |
| ❑ | सरोकारवाला निकायहरूबाट निरन्तर अनुगमन र सबै क्षेत्रहरूबाट सुर्तीजन्य पदार्थको नियन्त्रणका नीतिहरूको परिपालना आवश्यक छ । अनुगमन, सुर्तीजन्य पदार्थको प्रयोग नियन्त्रण गर्ने र त्यसबारेका कार्यक्रमहरूको प्रगति विवरण प्राप्त गर्ने एक महत्वपुर्ण तरिका हो । सुर्तिजन्य प्रदार्थको प्रयोग एक सामाजिक मुद्दा भएकोले, यसको नियन्त्रणलाई सही दिशामा डोर्याउनकोलागि विभिन्न क्षेत्र र निकायको समन्वय र सहकार्यको आवश्यकता पर्दछस त्यस्ता क्षेत्र र निकायहरूमा विद्यालय वा स्वास्थ्य संस्था वा सूर्तीजन्य पदार्थका खरीद विक्रीकेन्द्र वा परिवार वा साथीहरु वा सरकारी निकायहरु वा निजी संगठनहरु वा समुदायका नेतृत्वकर्ताहरु वा सञ्चार क्षेत्र वा शिक्षाविद्हरु जो पनि हुन सक्दछन् । तसर्थ, समाजका यी र यस्तै अन्य क्षेत्रहरु सबैको सामुहिक र एकल प्रयासबाट निरन्तर अनुगमन गरी सुर्तीजन्य पदार्थको नियन्त्रणका नीतिहरूलाई परिपालन गर्न गराउन सुझाव गरिएको छ । |
| ❑ | सुर्तीजन्य पदार्थमा लाग्ने करको दर बढाउनेः<br>सुर्तीजन्य पदार्थमा लाग्ने करको दर बढाएर सुर्तीजन्य पदार्थको माग घटाउने एक प्रमाणित, लागत-प्रभावी र अन्तर्राष्ट्रिय संस्थाहरूबाट सिफारिस गरिएको विधि हो । अन्य दक्षिण एसियाली देशहरूको तुलनामा नेपालमा ती पदार्थमा लाग्ने गरेको कर दर धेरै कम भएको ले विद्यमान करको दरमा निरन्तर बृद्धि गर्न विशेष सुझाव गरिएको छ । |

## मध्यम र दीर्घकालीन कार्यहरू:

**बिक्री अनुज्ञापत्र र सुर्तीजन्य उत्पादनहरूको लागि छुट्टै आधिकारिक बिक्री स्थलको अनिवार्यता:**

सुर्तीजन्य पदार्थको बेच बिखन गर्नेले अनुज्ञापत्र लिनुका साथै आधिकारिक बिक्रि स्थलको अनिवार्यता गरिएमा सुर्तीजन्य उत्पादनहरूको सर्ब सुलभ उपलब्धता र उपभोक्ताको सहज पहुँच कम गर्न मद्दत गर्दछ । यसो गरेमा सुर्तीजन्य पदार्थको विक्रेताहरूले यस सम्बन्धि नीति नियमको पालना गरे नगरेको अनुगमन गर्न पनि सहयोग पुग्नेछ । सरकारले मदीराजन्य वस्तुको मामलामा छुट्टै विक्री केन्द्रको नीति राखे जस्तै, सुर्तीजन्य उत्पादनहरूको हकमा पनि बिक्रीको लागि इजाजतपत्रको अनिवार्यता र छुट्टै विक्री केन्द्र राख्नुपर्ने नीतिको आवश्यकता देखिन्छ, किनकि सुर्तीजन्य प्रदार्थले मानव स्वास्थ्यमा मदीरालेभन्दा पनि बढी हानी गरेको हुन्छ ।

For further information please visit
http://www.ndri.org.np/tobacco-control-program

NDRI

**Nepal Development Research Institute**
**नेपाल विकास अनुसन्धान प्रतिष्ठान**

Pulchowk, Lalitpur, P.O. Box: 8975, EPC 2201, Kathmandu, Nepal
**Tel:** +977-1-5554975, 5537362 **Fax:** +977-1-5537362 **E-mail:** info@ndri.org.np
**Web:** www.ndri.org.np